# चिशंखुगढी गाउँपालिकाको आ.व. २०८१।०८२ को बजेट वक्तव्य

**गाउँसभाको बैठकमा गाउँपालिकाका उपाध्यक्ष श्री सन्तोष बाबु थापा ज्यूले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८१/०८२ को बजेट वक्तव्य :**

**चिशंखुगढी गाउँपालिकाको पन्ध्रौं गाउँसभा उद्घाटन समारोहका सभाध्यक्ष ज्यू,**

**प्रमुख प्रशासकीय अधिकृत एवम् गाउँसभाका सदस्य ज्यूहरू,**

**सम्पूर्ण कर्मचारी मित्रहरू, सुरक्षाकर्मी तथा पत्रकार साथीहरू, एवम् उपस्थित महानुभावहरू।**

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट सुशासन, विकास र समृद्धि हासिल गरि स्वाधीन, समुन्नत तथा समाजवाद उन्मुख अर्थतन्त्र विकास गर्ने परिकल्पना गरेको छ। संघ, प्रदेश र स्थानीय सरकार समग्र मुलुकको आर्थिक सामाजिक विकासमा क्रियाशिल रहेको अवस्थामा चिशंखुगढी

गाउँपालिकालाई समृद्ध र सवल बनाउन, चिशंखुगढी गाउँपालिकाको उपाध्यक्ष तथा वजेट एवं कार्यक्रम तर्जुमा समितिको संयोजकको रुपमा आर्थिक वर्ष २०८१/०८२ को वजेट तथा कार्यक्रम प्रस्तुत गरिरहदाँ मैले गौरवको अनुभूति गरेको छु।

यस अवसरमा म सर्वप्रथम राष्ट्रिय स्वाधिनता, स्वतन्त्रता, लोकतन्त्र तथा सामाजिक न्याय र परिवर्तनका लागि निशर्त जीवन बलिदान गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। मुलुकको अग्रगामी परिवर्तनको लागि भएको सवै प्रकारका आन्दोलनमा नेतृत्वदायी भुमिका खेल्नुहुने सबै राजनीतिक अग्रज, घाईते, वेपत्ता योद्धा एवं पिडित परिवार र नागरिकप्रति मेरो व्यक्तिगत तथा समग्र चिशंखुगढी गाउँपालिकाको तर्फबाट सम्मान व्यक्त गर्दछु।

*"कृषि, पर्यटन, र दिगो पूर्वाधार, समृद्ध चिशंखुगढीको बलियो आधार"* भन्ने मुल नारालाई आत्मसाथ गर्दै कृषि, शिक्षा, स्वास्थ्य, प्रर्यटन र दिगो पुर्वाधारमा लगानी गरी रोजगारी, उत्पादनमा वृद्धि गर्दै प्रभावकारी सेवा प्रवाह मार्फत गाउँपालिकावासीलाई प्रत्यक्ष लाभ पुर्‍याउने र जिवनस्तरमा सुधार ल्याउने उदेश्यले बजेट तर्जुमा गरेको छु।

आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले गाउँपालिकाको आर्थिक सामाजिक हित प्रवर्धनका लागि नेपाल सरकार एंव प्रदेश सरकारसंगको सहकार्य र समन्वयमा श्रोत साधनको समन्यायिक वितरण मार्फत सबैलाई समान अवसर स्थापित गर्ने कुरामा विशेष जोड दिएको छु।

आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले, नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तरसरकारी वित्त व्यावस्थापन ऐन २०७४, संघ तथा प्रदेश सरकारले पेश गरेका नीति तथा कार्यक्रम र बजेट, नेपालको सोह्रौ पञ्चवर्षिय योजना, दिगो विकास लक्ष्य, गाउँपालिका अध्यक्षज्यू बाट यस सभामा पेश भएको नीति तथा कार्यक्रम लाई मार्गदर्शनको रुपमा लिएको छु। साथै राजनीतिक दलका सुझाव, विगतका वर्षहरुको वजेट तर्जुमा र कार्यान्वयनको अवस्था, नागरिक समाज, निजी क्षेत्र, स्थानीय सामुदायिक संघ संस्था, बुद्दिजीवी संचारकर्मी लगायतका क्षेत्रहरुवाट प्राप्त राय, परामर्श तथा रचनात्मक सुझावलाई समेट्दै आगामी आ.व २०८१/८२ को बजेट तर्जुमा गरेछु।

सभाध्यक्ष महोदय,

**अब म चालु आ.व. २०८०/८१ को आय र व्ययको स्थिति संक्षिप्त समिक्षाका लागि प्रस्तुत गर्न चाहन्छु।**

चिशंखुगढी गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ अनुमानित आय तर्फ संघबाट प्राप्त हुने वित्तीय समानीकरण तर्फको अनुदान रकम रू. ७ करोड ७७ लाख, प्रदेशबाट वित्तीय समानीकरण तर्फको अनुदान रू. ४५ लाख ५० हजार, संघबाट प्राप्त हुने राजस्व बाँडफाँट रू. ७ करोड २४ लाख ६७ हजार १ सय, प्रदेश सरकार बाट प्राप्त हुने राजश्व बाँडफाँड रू. २२ लाख ३४ हजार, संघीय सरकारबाट प्राप्त हुने सर्शत अनुदान रू. २३ करोड १८ लाख ५६ हजार, प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान रू. ९४ लाख ६६ हजार, संघीय सरकारबाट प्राप्त हुने विशेष अनुदान रू. १ करोड, संघीय सरकारबाट प्राप्त हुने समपूरक अनुदान ८० लाख, प्रदेश सरकारबाट प्राप्त हुने समपूरक

अनुदान रू.९७ लाख ५० हजार, गत बर्षको बैंक मौज्दात २करोड ३८ लाख ८३ हजार ५ सय ५३ रुपैया, अन्य आय ६ लाख २६ हजार २ सय ४२ रुपैया र आन्तरिक आम्दानीको अनुमानित प्रक्षेपण रू ३२ लाख गरी कुल प्रक्षेपण गरिएको जम्मा बजेट रू. ४५ करोड ३७ लाख ३९ हजार ८ सय ९५रुपैयाँमा जस अन्तर्गत चालु तर्फ ३४ करोड ४५ लाख ९६ हजार ८ सय ३६ रुपैया र पुंजिगत तर्फ १० करोड ९१ लाख ४३ हजार ५९ रुपैयाँ मध्ये जेष्ठ मसान्त सम्म चालु तर्फ रु. २१ करोड ८४ लाख ५१ हजार २ सय ४२ रुपैया र पुंजीगत तर्फ रु ७ करोड २१ लाख ३६ हजार ७ सय ८६ रुपैँया गरी कुल बजेटको ६४ प्रतिशत खर्च भएको छ। संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानको केही प्रतिशत अनुदान रोक्का भएकाले केही कार्यक्रम तथा योजना संचालनमा समस्या भएको सम्बन्धित सबै गाउँ सभा सदस्यजूहरुलाई सभाध्यक्ष मार्फत अवगत गराउन चाहान्छु। यसै क्रममा खर्च हुने हो भने चालु आ.व. को असार मसान्तसम्म करिब ८५ प्रतिशत खर्च हुने अनुमान गरेको छु।

**अब म चालु आर्थिक वर्षको मुख्य मुख्य उपलव्धी प्रस्तुत गर्न चाहन्छु।**

- पुर्वाधार विकास तर्फ प्रदेश समपुरक योजना मार्फत कालिमाटी देखि ठोट्ने खोला सडक मर्मत तथा स्तरोउन्नती, संघीय समपुरक तर्फ कुईभिर नेचा सडक निर्माण अन्तिम चरणमा रहेको छ। वडा नं. ५ को वडा कार्यालय भवनको भौतिक कार्यसम्पन्न भई सेवा प्रवाह सुचारु भएकोछ। वडा नं. ७ को वर्थिङ सेन्टर निर्माणाधिन रहेको छ, भदौरे देखि रबुवा सम्मको सडक वजेट विनियोजन भई ठेक्का प्रक्रियामा रहेको छ।
- चिशंखुगढी आधारभूत अस्पतालमा जनशक्ति व्यवस्थापन भएको छ, आवश्यक सामाग्री खरिद प्रक्रियामा रहेको छ। त्यसैगरी चिशंखुगढी ग्रामिण आँखा केन्द्र स्थापन भई सञ्चालनमा रहेको व्यहोरा अवगत गराउन चाहान्छु।
- संघीय सरकार, प्रदेश सरकार, चिशंखुगढी गाउँपालिका र साना सिंचाईको साझेदारीमा ७ (सात) वटा सिंचाई कुलो निर्माण सम्पन्न भएका छन। यसले चिशंखुगढीको कृषि उत्पादनमा टेवा पुर्याउने अपेक्षा गरेको छु।
- प्रधानमन्त्री रोजगार मार्फत ८५ जनालाई प्रत्यक्ष रोजगारीको अवसर प्रदान गरिएको छ। जस्ले नागरिकको जिविकोपार्जनमा सहज बनाएको महशुस गरेको छु।
- बाह्रै महिना सञ्चालन हुनेगरी क्षेत्रीय तथा अन्य शाखा सडकहरु सञ्चालन गर्न मर्मत संहार गरिएको छ।
- अपाङगता रोकथाम तथा पुन:स्थापना कार्यक्रम मार्फत अपाङ्गता परिचय पत्र वितरण, आवश्यक्ता पहिचान गरी सहयोग सामाग्री तथा उपचारको व्यवस्था मिलाईएको छ।

सभाध्यक्ष महोदय,

**अव म आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रमको लक्ष्य तथा उदेश्यहरु सम्मानित सभा समक्ष पेश गर्दछु।**

- सडकहरुको स्तरोन्नती र विस्तारवाट आवातजावत तथा स्थानीय उत्पादनको वजारिकरण तथा आयात निर्यातमा सहजता हुने अपेक्षा गरेको छु।

- स्वास्थ्य शिविर, कृषि तथा पशु शिविर, एकिकृत घुम्ती शिविर मार्फत वडास्तरबाटै सेवा प्रदान गरि गाउँपालिका वासिमा सहजता हुने अपेक्षा गरेको छु ।
- दलित,महिला,विपन्न तथा जेहेन्दार विद्यार्थिलाई छात्रवृत्ति मार्फत शिक्षामा सवैको पहुंच सुनिश्चित गरिने छ ।
- प्रविधिमैत्री शिक्षा, अतिरिक्त कक्षा सञ्चालन र व्यवस्थित एंव एकिकृत परिक्षा मार्फत सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार ल्याई अपेक्षित नतिजा हाँसिल गरिनेछ ।
- घोकन्ते शिक्षा प्रणाली बाट सोच्ने,सोध्ने र सिक्ने शिक्षा प्रणालीको विकास गरिनेछ ।
- चिशंखुगढी आधारभूत अस्पतालको गुणस्तरीय सेवा प्रवाह मार्फत नागरिकको आधारभूत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गरिनेछ ।
- स्वास्थ्य विमाको माध्यमबाट उपचारमा नागरिकको खल्तीको पैसा खर्च कम हुने अपेक्षा गरेको छु ।
- कृषिलाई प्रविधिमैत्री तथा आधुनिक औजारहरुको प्रयोगबाट कृषि उत्पादनमा आत्मानिर्भर भई निर्यातजन्य उत्पादनलाई अनुदान कार्यक्रमबाट प्रोत्साहन गरिनेछ ।
- आर्थिकरुपले विपन्न,महिला,दलित र जनजातीलाई सिपमुलक कार्यक्रम मार्फत आत्मानिर्भर बनाइनेछ ।
- शासन विकास र सर्वसुलभ सेवा प्रवाह मार्फत स्थानीय वासिन्दाको जीवनस्तरमा गुणात्मक रुपान्तरण ल्याई समग्र गाउँपालिकाको आर्थिक सामाजिक विकासमा टेवा पुग्ने अपेक्षा गरेकोछु ।

**बजेट निर्माणका आधारहरु:**

- नेपालको संविधान,
- नेपालको संविधानको समग्र मार्गदर्शन, मौलिक अधिकार र राज्यका नीति, निर्देशक सिद्धान्तहरु, एकल तथा साझा संबैधानिक अधिकार,
- स्थानीय सरकार सञ्चालन ऐन,२०७४
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तआयोग ऐन,२०७४
- संघीय तथा प्रदेश सरकारले जारी गरेका विषयगत नीति ता कानूनहरु,
- स्थानीय तहको वार्षिक योजना तर्जुमा दिग्दर्शन,२०७४
- १६ औं आवधिक योजनाले आत्मासाथ गरेको दिर्घकालिन सोच,लक्ष्य,उदेश्य तथा क्षेत्रगत नीति तथा कार्यक्रम र अवलम्बन गरिएका रणनीतिहरु,
- नेपाल सरकारको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम तथा बजेट,
- कोशी प्रदेश सरकारको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम तथा बजेट,
- संघीय सरकार र कोशी प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ्ग र मार्गदर्शन,

- सन् २०३० सम्म पुरा गर्नुपर्ने गरी निर्धारण गरिएका दिगो विकासका लक्ष्यहरु,
- नेपालले अन्तराष्ट्रिय मञ्चहरुमा गरेका प्रतिवद्धताहरु,
- चिशंखुगढी गाउँपालिकाको विगतका आर्थिक वर्षहरुका नीति,कार्यक्रम र क्रमागत आयोजनाहरु,
- गाउँपालिकाका विषयगत समितिबाट प्राप्त सुझावहरु,
- गाउँपालिकामा विभिन्न माध्यमबाट प्राप्त भएका सुझाव तथा कार्यक्रमहरु।

**अब म आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रमका प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

**बजेटका प्राथमिकता,**

- दिगो पूर्वाधारको विकास,
- सामाजिक तथा आर्थिक विकास,
- कृषिको आधुनिकीकरण र व्यवसायीकरण,
- रोजगारीका अवसरहरूमा वृद्धि,
- सहभागितामूलक योजना तर्जुमा,
- शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाइमा लगानी,
- सडक तथा पुल निर्माण,
- पर्यटन पूर्वाधारको विकास र प्रवर्द्धन,
- वित्तीय संस्थाहरूको स्थापना र व्यवस्थित सञ्चालन,
- वन, वातावरण तथा जलाधार संरक्षण,
- अत्यावश्यक उपभोग्य वस्तुहरूको सुदृढ आपूर्ति र वितरण प्रणाली,
- सार्वजनिक प्रशासन र सेवा प्रवाहमा सुधार,
- महिला, बालबालिका,अपाङ्गता भएका व्यक्ति तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायको सशक्तिकरण,
- विपद व्यवस्थापन जोखिम न्यूनिकरण।

**सभाध्यक्ष महोदय,**

अब म यीनै चुनौती, उद्देश्य र प्राथमिकताको सेरोफेरोमा रहेर तयार गरिएको आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु। अनुमानित आय तर्फ संघबाट प्राप्त हुने वित्तीय समानीकरण तर्फको अनुदान रकम रू. ७ करोड ८६ लाख, कोशी प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण तर्फको अनुदान रू. ४५ लाख ४५ हजार, संघबाट प्राप्त हुने राजस्व बाँडफाँट रू. ७ करोड ६९ लाख , प्रदेश सरकार बाट प्राप्त हुने राजश्व बाँडफाँड रू. २२ लाख ९९ हजार , संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदान रू. २२ करोड ७३ लाख

९८ हजार, प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान रू. १ करोड २१ लाख ५५ हजार, संघीय सरकारबाट प्राप्त हुने विशेष अनुदान रू. २ करोड ७५ लाख, प्रदेश सरकारबाट प्राप्त हुने समपूरक अनुदान रू.९७ लाख ५० हजार र आन्तरिक आम्दानीको अनुमानित प्रक्षेपण रू ४५ लाख गरी कुल जम्मा बजेट रू. ४४ करोड ३६ लाख ४७ हजार हुने अनुमान गरेको छ । सामाजिक सुरक्षा कार्यक्रम, आ.व. २०८१/०८२ मा बचत हुने बजेट र अन्य निकायबाट प्राप्त हुने अनुदान यो बजेटमा समावेश गरिएको छैन ।

**सभाध्यक्ष ज्यू,**

आ.व. २०८१।०८२ को अनुमानित व्यय तर्फ कुल विनियोजन मध्ये चालूतर्फ रू. ३४ करोड ०३ लाख ९६ हजार र पुँजीगत तर्फ रू. १० करोड ३२ लाख ५१ हजार गरी जम्मा बजेट रू.४४ करोड ३६ लाख ४७ हजार विनियोजन गरेको छु । जसमध्ये चालू खर्च तर्फ कुल बजेटको ७६.७३ प्रतिशत र पुँजीगत खर्च तर्फ २३.२७ प्रतिशत रहेको छ। संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदानको रकम रू. २३ करोड ९५ लाख ९३ हजार निर्देशित योजना तथा कार्यक्रमहरूमा नै विनियोजन भएको छ। चालु खर्च अन्तर्गत गाँउपालिका तथा वडाहरूका सम्पूर्ण चालु खर्च, लक्षित कार्यक्रम, शिक्षा, स्वास्थ्य तथा सम्पुर्ण विषयगत शाखाका तथा अन्य विभिन्न कार्यक्रमहरू, स्वयंसेविका बिमा तथा प्रोत्साहन, प्रकोप तथा आकस्मिक सहायता, न्यायिक समिति कार्यक्रम संचालन सहित विविध योजनातथा कार्यक्रमहरू समेत समावेश गरिएकोले चालु खर्चको अंश बढी देखिन गएको हो ।

**अब म आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रमका क्षेत्रगत बजेट प्रस्तुत गर्न अनुमति चाहन्छु ।**

(क) **पुर्वाधार विकास क्षेत्र:** हाम्रो जस्तो भौगोलिक रुपमा पिछडिएको गाउँपालिकामा पुर्वाधारको विकासले नै समग्र विकासको ढोका खोल्ने विश्वास लिएको छु। त्यसैले पुर्वाधार विकासलाई पहिलो प्राथमिकता दिदै पुर्वाधार विकासको क्षेत्रमा रु. ४ करोड ७५ लाख ३८ हजार विनियोजन गरेको छु।

(ख) **सामाजिक विकास क्षेत्र:**

शिक्षा, स्वास्थ्य, सामाजिक समावेशीकरण र सहभागितालाई उच्च प्राथमिक्तामा राखि बजेटको व्यवस्था गरेको छु। यसै गरी सबै किसिमका धर्म संस्कृतीको सम्बर्धन र प्रबर्धन गर्दै लैंगिक समानता तथा समावेशीकरण र जातीय छुवाछुत मुक्त समाज निर्माणका लागि सामाजिक विकास क्षेत्रमा सबैको पहुंच स्थापित गर्न रु. २ करोड ३ लाख ४७ हजार विनियोजन गरेको छु।

(ग) **आर्थिक विकास क्षेत्र:**

यस गाउँपालिकाको आर्थिक विकासको मेरुदण्ड कृषि नै हो । कृषिलाई परम्परागत निर्वाहमुखी प्रणालीबाट आधुनिक व्यबसायिक प्रणालीमा रुपान्तरण गरी संभावित पर्यटनलाई ध्यानमा राखि आर्थिक क्षेत्रका समग्र विकासका लागि रु. ५६ लाख ६० हजार विनियोजन गरेको छु।

**(घ) वातावरण र विपद व्यबस्थापनः**

यस गाउँपालिकामा वातावरणको संरक्षण र विपद व्यबस्थापनमा बाढी,पहिरो र जलवायु परिवर्तन रोकथाम तथा समयानुकुलन गर्ने कार्य चुनौतीपूर्ण रहेको छ । प्राकृतिक तथा मानव सृजित कारणबाट हुन सक्ने विपद व्यबस्थापन तथा वातावरण संरक्षणका लागि रु. ५९ लाख ५० हजार बजेटको विनियोजन गरेको छु ।

**ङ) संस्थागत विकास सेवा प्रवाह र सुशासनः**

हाम्रो गाउँपालिकामा संस्थागत सुधार तथा सेवाप्रवाहका लागि भौतिक पुर्वाधारको अबस्था,संस्थागत क्षमता र मानव संसाधनको अवस्था समेत कमंजोर रहेको छ । स्थानीय सरकारलाई थप प्रभावकारी र जनमुखी बनाउन सुशासन र पारदरशिता कायम गर्दै गुणस्तरीय सेवा प्रवाह मार्फत स्थानीय सरकारको विश्सनीयता र अपरिहार्यतालाई थप मजबुत बनाउन रु.९४ लाख ५० हजार बजेटको व्यबस्था गरेको छु ।

च). वडागत रुपमा छनौट हुने योजना तथा कार्यक्रम भौगोलिक अबस्था, जनसंख्या, क्षेत्रफल, दुरी र स्थानीय आय समेतका आधारमा गर्नु पर्ने वास्ताविक्तालाई मध्यनजर गर्दै यस बर्ष सबै वडालाई विकासको लागि न्यूनतम १८ लाख देखि अधिकतम २७ लाख गरी रु. १ करोड ७२ लाख विनियोजन गरेको छु। आगामी आ.ब. देखि वडागत बजेट सिमा निर्धारण गर्दा संघ तथा प्रदेशका बजेटलाई समेत मध्यनजर गरी बजेट विनियोजन गर्ने नीति लिइनेछ ।

**सभाध्यक्ष महोदय,**

**अब म आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रमहरु संक्षिप्त रुपमा सभा सामु प्रस्तुत गर्न अनुमति चाहन्छु ।**

चिशंखुगढी गाउँपालिकाको आवधिक विकास योजनाको प्रतिवेदनलाई मूल आधार बनाई कुल विनियोजित बजेट मध्ये चालु खर्चबाट व्यहोर्ने गरी वडा कार्यालयहरूको लागि प्रत्येक वडामा वार्षिक रू. ७ लाख ९६ हजार ८ सय ७५ रुपैयाका दरले रू.६३ लाख ७५ हजार विनियोजन गरेको छु । पुँजीगत तर्फ आ.व. २०८०।०८१ को कूल अनुमानित भुक्तानी गर्न बाँकी रहने दायित्व रु. १६ लाख ५७ हजार हुने अनुमान रहेको छ। सेर्ना चिसापानी सडक स्तरोन्नतिको लागि रु. १ करोड ५० लाख, गाउँपालिका अन्तर्गतका क्षेत्रीय सडक मर्मत संहारको लागि रु. २० लाख बजेट विनियोजन गरेको छु। दलित, महिला तथा अपांगता लगायत लक्षित कार्यक्रम अन्तर्गत अपाङ्गता पुन: स्थापना कार्यक्रमका लागि १३ लाख ७७ हजार,आङ खसेका महिलाहरुको सल्यक्रिया तथा उपचारका लागि रु. ५ लाख, अभिभावक बिहिन बालबालिकाहरुको जिविकोपार्जनका लागि रु.२ लाख विनियोजन गरेको छु । त्यसैगरी महिला क्षमता तथा उद्घोषण तालिम, दलित तथा गैर दलित विवाहलाई प्रोत्साहन कार्यक्रम तथा दलित समुदायमा क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिदै आवश्यक बजेटको व्यवस्था गरेको छु। लैंगिक हिंसा रोकथामका लागि जोडि संवाद, सामाजिक अगुवा बिच अन्तर्क्रिया तथा विद्यालयमा रुपान्तरण कक्षाका लागि रु. ३ लाख र सेफ हाउस सञ्चालनका लागि अनुदान रु. १ लाख

५० हजार बजेट विनियोजन गरेको छु। सामुदायिक मानसिक स्वास्थ्य सचेतना,परामर्श तथा औषधी खरिदको लागि रु. ३ लाख बजेट विनियोजन गरेको छु। विभिन्न जातिहरुको धर्मसँस्कृति संरक्षण तथा प्रबर्धन गर्न लोप हुदै गएको पञ्चेबाजाको संरक्षणका लागि रु. ३ लाख बजेट विनियोजन गरेको छु। विभिन्न कारणले पछाडि परेका एवं पारिएका वर्गको उत्थानको लागि गरिब तथा सिमान्तकृत नागरिकहरूलाई लक्षित गरी सुरक्षित नागरिक आवास कार्यक्रम सम्पन्न गर्नको लागि रु. १४ लाख विनियोजन गरेको छु। गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्न रु. १ करोड ५० लाख रकम विनियोजन गरेको छु। विद्युतीय सुशासन प्रणाली मजबुत बनाउनको लागि उपकरण तथा सफ्टवेयर व्यवस्थापन गर्न रु. ५ लाख विनियोजन गरेको छु। त्यस्तै गरी आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको कृषि तथा पशु सेवा विकास कार्यक्रमका लागि रु. ४६ लाख १० हजार विनियोजन गरेको छु। यसमा अर्गानिक प्रमाणिकरण कार्यक्रमका लागि रु. ५ लाख गाउँपालिका बाहिर निर्यात प्रबर्द्धन प्रोत्साहन कार्यक्रमका लागि रु ५ लाख, शुपथ मुल्यमा बीउ बिजन लगाएतका सामाग्रीको उपलब्ध गराउन लागत साझेदारीमा एग्रोभेट संचालनका लागि रु.३ लाख, कृषि यान्त्रिकरण र बाली संरक्षण कार्यक्रमका लागि क्रमश: २ लाख र २ लाख ५० हजार रकम बिनियोजन गरेको छु। बाँझो जग्गा व्यवस्थापन कृषि बन प्रवर्द्धन कार्यक्रम र महिलाहरुलाई च्याउ खेती कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु। यसैगरी पशुपंक्षि खोप व्यवस्थापन तथा महामारी रोग नियन्त्रणको लागि रु ३ लाख, छाडा कुकुर बन्ध्याकरणको लागि २ लाख, माछा उत्पादनको लागि भुर्रा वित्तरण र क्षमता विकास तालिमका लागि १/१ लाख तथा पशुपंक्षि सम्बन्धी औषधोपचारको लागि औषधि व्यवस्थापन गर्न रु. १० लाख बजेटको व्यवस्था मिलाएको छु। त्यस्तै आन्तरिक पर्यटन प्रबर्द्धन गर्न तथा संचार क्षेत्रको लागि आवश्यक वजेटको व्यवस्था मिलाएको छु। नेपालको संविधानको धारा ३५ मा उल्लिखित नागरिकको स्वास्थ्य सम्बन्धीको मौलिक हकको प्रत्याभूति गराई आम नागरिकको स्वास्थ्य संवेदनशीलतालाई ध्यानमा राखि स्वास्थ्य क्षेत्रमा रु. १८ लाख बजेट विनियोजन गरेको छु। महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका तथा वर्थिङ सेन्टरमा कार्यरत सफाइ कर्मचारीहरुलाई स्वास्थ्य विमा तथा प्रोत्साहनका लागि रु. २० लाख ८६ हजार कार्यक्रमलाई निरन्तरता दिएको छु। नागरिकले सर्व सुलभ रुपमा निःशुल्क औषधीको उपभोग गर्न पाउनु पर्ने कुरालाई मध्यनजर गर्दै औषधी खरिदको लागि १२ लाख बजेट विनियोजन गरेको छु। गाउँपालिकाको ५ शैयाको अस्पताल संञ्चालन गर्न जनशक्ति व्यवस्थापन तथा परिचालनको लागि रु. ३७ लाख विनियोजन गरेको छु। साना सिंचाई कार्यक्रममा विकास साझेदार संस्था र हाम्रो गाउँपालिका बीचमा भएको सम्झौता बमोजिम गाउँपालिकाले बेहोर्ने लागत साझेदारीका लागि रु. १७ लाख २८ हजार बजेट विनियोजन गरेको छु।। खानेपानी पुनर्स्थापना कार्यक्रमको लागि रू.१० लाख सहित विभिन्न योजना तथा कार्यक्रमको लागि बजेट विनियोजन गरेको छु। साथै ८ वटा वडाहरूमा विकास खर्चको कूल सिमा रू.१ करोड ७२ लाख हुने व्यवस्था मिलाएको छु। संस्थागत विकास तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउने हेतुले जनप्रतिनिधि तथा कर्मचारी तालिम शीर्षकमा रु. ५ लाख विनियोजन गरेको छु। युवा तथा खेलकुदमा रु. ३० लाख बजेट विनियोजन गरेको छु। जसमा युवामैत्री खेलकुद कार्यक्रम संचालन तथा व्यवस्थापन गर्न रु. २० लाख र विद्यालय रनिङ शिल्ड प्रतियोगिता संचालन गर्न रु. १० लाख विनियोजन गरेको छु। शिक्षा क्षेत्रलाई सुधार गर्न तथा शैक्षिक विकास तथा उन्नयनका लागि प्राथमिकताका साथ शिक्षा क्षेत्रमा रु. ६० लाख २५ हजार बजेट विनियोजन

गरेको छु । जसमा बालविकास सहयोगी कार्यकर्ताहरुलाई प्रोत्साहन स्वरुप थप पारिश्रमिक रु. १४ लाख विनियोजन गरेको छु । दलित,महिला तथा विपन्नहरुको उच्च शिक्षामा पहुँच सुनिश्चितता गर्न चिशंखुगढी क्याम्पसमा निशुल्क भर्नाका लागि रु. ३ लाख ५० हजार, प्रविधिमैत्री विद्यालय शिक्षाका लागि रु. ७ लाख, हस्तलेखन तालिम सञ्चालन गर्नका लागि रु. ४ लाख ५० हजार, विद्यालयहरुमा खेल प्रशिक्षक व्यवस्थापनका लागि रु. ४ लाख, स्थानीय पाठ्यक्रम छपाई तथा वितरण(कक्षा ६,७,८) का लागि रु. ३ लाख ५० हजार बजेट विनियोजन गरेको छु । साथै एसइइमा उत्कृष्ट हुने छात्र छात्रा र दलित तथा अल्पसंख्यक समुदायका विद्यार्थीहरुलाई पुरस्कार तथा सम्मान गर्न तथा गाउँपालिका भित्रका सामुदायिक विद्यालयका उत्कृष्ट शिक्षक छनोट गरी पुरस्कार तथा शैक्षिक पात्रो तथा डायरी व्यवस्थापन गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु । सशर्त अनुदानबाट लघु उद्यम विकास कार्यक्रम अन्तर्गत रू.१३ लाख, १०० दिनको रोजगारी सुनिश्चित गर्नका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रु. ८३ लाख १३ हजार तथा भदौरे खेलमैदान व्यवस्थापन गर्न रु.४ लाख निर्देशित योजना तथा कार्यक्रम मानै खर्च हुने गरी विनियोजन भएको छ। त्यसैगरी भूक्षय नियन्त्रण गर्न १० लाख, राहत उद्धार र पुन स्थापना कार्यक्रम संचालन गर्न रु. १८ लाख, विपद् व्यवस्थापन गर्न रु. १४ लाख बजेटको व्यवस्था मिलाएको छु । यसरी आगामी आ.व. २०८१/८२ मा स्रोत सुनिश्चितता सहित विकास बजेटलाई जोड दिइएको छु।

**सभाध्यक्ष ज्यू,**

आ.व. २०८१।८२ मा कार्यान्वयन गरिने संघीय तथा प्रदेश सरकारको समानीकरण अनुदान तथा गाउँपालिकाको आन्तरिक श्रोतबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरू सहित विषय क्षेत्रगत बजेट अन्तर्गत पूर्वाधार विकासमा रु. ४ करोड ७५ लाख ३८ हजार, सामाजिक विकासमा रु. २ करोड ०३ लाख ४७ हजार, आर्थिक विकासमा रु. ५६ लाख ६० हजार, वातावरण तथा विपद् व्यवस्थापनमा रु. ५९ लाख ५० हजार र संस्थागत विकास तथा सेवा प्रवाहमा रु. ९४ लाख ५० हजार गरी कुल रु. ८ करोड ८९ लाख ४५ हजार विनियोजन गरेको छु ।

११. आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण तर्फको अनुदान रकम रू.७ करोड ८६ लाख, प्रदेश सरकार बाट प्राप्त हुने वित्तीय समानीकरण तर्फको अनुदान रू.४५ लाख ४५ हजार, संघीय सरकारबाट प्राप्त हुने राजस्व बाँडफाड रू.७ करोड ६९ लाख , प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँड रू.२२ लाख ९९ हजार, प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान रु. १ करोड २१ लाख ५५ हजार, संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदान रू. २२ करोड ७३ लाख ९८ हजार, संघीय सरकारबाट प्राप्त हुने विशेष अनुदान रु. २ करोड ७५ लाख, प्रदेश सरकारबाट प्राप्त हुने समपूरक अनुदान रु. ९७ लाख ५० हजार तथा आन्तरिक आम्दानी रु. ४५ लाख मध्येबाट व्यहोरिने छ। साथै आगामी आ.व.२०८१।०८२ मा आय स्रोतको प्रकृति एवं स्रोत अनुमान सुनिश्चित भएका आम्दानी बमोजिमको व्यय अनुमान गरिएकोले बजेटलाई बढी महत्वकांक्षी नबनाई परिणाममुखी ठोस योजना तथा कार्यक्रम सञ्चालन गर्ने तथा गाउँपालिकाको आ.व. २०८१।०८२ को नीति तथा कार्यक्रमले तोकेका विषयहरूलाई सम्बोधन गर्ने तथा आय र व्यय बराबर हुने गरी सन्तुलित बजेट ल्याएको छु ।

उल्लेखीत बजेट तथा कार्यक्रको कार्यान्वयनबाट गाउँपालिकावासी जनताको आर्थिक सामाजिक अवस्था परिवर्तन हुने, वातावरण संरक्षणमा गुणात्मक सुधार, राजश्व संकलनमा केही बृद्धि हुनुका साथै भौतिक पूर्वाधार निर्माण र सेवा प्रवाहमा सुधार आई सुशासनको अनुभूति हुने विश्वास लिएकोछु ।

बजेटले समेट्नुपर्ने विषयगत क्षेत्रहरू र नागरिकका आवश्यक्ताहरु अझै धेरै छन, बजेटको सिमितता र पर्याप्त आन्तारीक स्रोतको अभावमा सबै आवश्यक्ताहरुको एकैसाथ सम्बोधन गर्न सकीएको छैन । आम नागरिकका समस्या तथा मागलाई प्राथमिकताको आधारमा क्रमशः सम्बोधन गर्दै लगिने छ । चिशंखुगढी गाउँपालिका मात्रै नभई समग्र देशको महत्वपुर्ण आयोजनाको रुपमा रहेको दुधकोशी जलाशययुक्त जलविद्युत आयोजना सञ्चालनबाट नै समृद्ध चिशंखुगढी बन्ने विश्वास लिएको छु जसको कार्यन्वयनमा आ-आफ्नो स्थानबाट सहयोग गर्न अनुरोध गर्दछु । वर्तमान वस्तुगत यथार्थ धरातलमा उभिएर चुनौतीहरूको सामना गर्न हामी सबैले प्रतिबद्धता जाहेर गर्दै चिशंखुगढी गाउँपालिकाको समृद्धि र विकासका लागि सकारात्मक सोचका साथ अगाडी बढौं ।

यस चिशंखुगढी गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउने चिशंखुगढी गाउँपालिकाका नागरिक, करदाता, चिशंखुगढी गाउँपालिकाको हित र समुन्नतिमा कार्यरत सबै विकास साझेदार, सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरू र सञ्चार माध्यम प्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको सहयोगको अपेक्षा गरेको छु ।

अन्त्यमा,

यो बजेट निर्माण प्रक्रियामा महत्वपूर्ण सहयोग गर्नुहुने आदरणीय गाउँपालिका अध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, कार्यक्रम तथा बजेट तर्जुमा समितिका सदस्यज्यूहरु, राजश्व परामर्श समितिका सदस्यज्यूहरु, विषयगत समितिका संयोजक र सदस्यज्यूहरु, लेखा समितिका सदस्यज्यूहरु, कार्यपालिकाका सम्पूर्ण सदस्यज्यूहरु तथा विभिन्न राजनैतिक दलका पदाधिकारी लगायत सरोकारवाला निकायहरु, सम्पूर्ण कर्मचारी साथीहरु र अमुल्य सल्लाह सुझाव दिनु हुने सबै प्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद ब्यक्त गर्दछु ।